यस फाइनान्स कम्पनी लिमिटेड(वित्तीय संस्था)को दशौं वार्षिक साधारण सभा कम्पनीका संचालक समितिका

अध्यक्ष श्री योगेन्द्र शाक्य ज्यूको सभापतित्वमा मिति २०६२ चैत्र, ३१ गते विहीबार तदनुसार अप्रिल १३, २००६ का दिन कम्पनीको नयां भवन, नारायण चौर, नक्साल, काठमाण्डौमा विहान ११:०० बजे शुरु भै दिउसो १२:३० वजे सम्म पुर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख ( माइन्यूट) निम्न बमोजिम रह्यो ।

## (१) सभाको सुचना जारी :

कम्पनी अध्यादेश, २०६२ र कम्पनीको नियमावली अनुसार संचालक समितिको मिति २०६२ साल चैत्र ८ गते मंगलवार बसेको ९८ औं बैठकले कम्पनीको दशौं वार्षिक साधारण सभा मिति २०६२ चैत्र ३१ गते विहीवार कम्पनीको नयां भवन, नारायण चौर, नक्साल, काठमाण्डौमा बस्ने भनी निर्णय भएअनुसार कम्पनी अध्यादेश, २०६२ को दफा ६७ (२) को व्यवस्था बमोजिम कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा पठाउँनुका साथै मिति २०६२ चैत्र १० गते विहीवारको कान्तिपुर र २०६२ चैत्र ११ गते शुक्रवारको गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

## (२) छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०६१/२०६२ को बार्षिक प्रतिवेदन छलफल र पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आ.व. २०६१/२०६२ को नाफा—नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण र वासलात छलफल र पारित गर्ने ।

३. आ.व. २०६२/२०६३ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षण समितिले कम्पनी अध्यादेश, २०६२ को दफा १६५ (घ) बमोजिम श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई पारिश्रमिक रु. ७०,०००/— (सत्तरी हजार मात्र) दिने गरी नियुक्ति गर्न सिफारिस लाई अनुमोदन गर्ने ।

४. प्रवन्धपत्र र नियमावली संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने ।

५. संचालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।

६. विविध ।

## (३) उपस्थिति :

### घ.१ संचालकज्यूहरु

| | | |
|---|---|---|
| १. | श्री योगेन्द्र शाक्य | अध्यक्ष |
| २. | श्री राजीव राज भण्डारी | संचालक |
| ३. | श्री विनोद रत्न तुलाधर | संचालक |
| ४. | श्री सिद्धान्त राज पाण्डे | कार्यकारि संचालक |

### ३.२ पदाधिकारी

| | |
|---|---|
| १. श्री भिष्म राज चालिसे | सहायक महाप्रबन्धक तथा कम्पनी सचिव |
| २. श्री रामेश्वर पोखरेल | प्रबन्धक |

### ३.३ आमन्त्रित

| | |
|---|---|
| १. श्री दिपक कुमार नालामि | अधिकृत, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, |
| २. श्री केदार बहादुर के.सी. | कम्पनी रजिष्ट्रारको कार्यालय । |

### ३.४ शेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | १२३ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या | ७८ |
| ३. जम्मा उपस्थित संख्या | २०१ |

## (४) गणपूरक संख्या :

कम्पनी अध्यादेश २०६२ को दफा ७३ मा साधारण सभामा कम्पनीको बिक्री भएको जम्मा शेयर संख्याको ५० प्रतिशत सम्म शेयर खरिद गर्ने शेयरधनीहरु स्वयम् वा निजका प्रतिनिधिहरुमार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै कम्पनीको कूल शेयर ९,००,००० कित्ता मध्ये २,७४,३३५ शेयर कित्ताका १२३ शेयरधनीहरु स्वयम् उपस्थित भएको र २,८२,८८५ शेयर कित्ताका ७८ शेयरधनीहरु प्रतिनिधि पत्र मार्फत उपस्थित भई कूल शेयरको ६१.९१ प्रतिशत को प्रतिनिधित्व भएको हुदां कम्पनी अध्यादेश २०६२ र कम्पनीको नियमावली अनुसार आजको यस सभाको गणपूरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो ।

## (५) सभाको वैधानिकता र सभापतित्व :

कम्पनीको दशौं वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै कम्पनी सचिव भिष्म राज चालिसेले सभाको कारवाही अगाडि बढाउनु भयो । उहांले वार्षिक साधारण सभा कम्पनी अध्यादेश,२०६२ को दफा ७३ मा साधारण सभामा कुल शेयर संस्थाको पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये तिन जना शेयरवालाहरु स्वयम् वा आफ्नो प्रतिनिधि द्वारा उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने तथा उहाले सभाको गणपुरक संख्या नियमानुसार पुग्न गएको हुंदा सभाको सभापतित्व गरिदिनु हुन कम्पनीका संचालक समितिका अध्यक्ष श्री योगेन्द्र शाक्य ज्यूलाई अनुरोध गर्नुभयो र श्री अध्यक्ष ज्यूबाट सभाको सभापतित्व ग्रहण गर्नु भयो ।

कम्पनी सचिवले कम्पनीको वर्तमान संचालक समितिका सदस्यहरु तथा कार्यकारि संचालकज्यूको परिचय सभा समक्ष गराई सभामा छलफल हुने विषयको जानकारी समेत गराउनु भयो । कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभापति ज्यूलाई अनुरोध गर्नु भयो ।

## (६) वार्षिक साधारण सभाको प्रस्तूती :

सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई नव बर्ष २०६३ सालको मंगलमय शुभकामना व्यक्त गर्दै स्वागत एवं अभिवादन व्यक्त गर्नु भयो । हाम्रो आफ्नै भवनमा यो साधारण सभा गर्न लागेका छौं, हामी सबैका लागी खुशीको कुराहो । यहांहरु सभामा उपस्थित हुनु भयो त्यसको लागि धन्यवाद दिन चाहन्छु ।

सभापति ज्यूले अध्यक्षको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन तपाईंहरुको घर ठेगानामा पठाइएकोमा उक्त प्रतिवेदन प्राप्त गर्नु भएकै होला । त्यो हेर्नु भयो होला, त्यसैले उक्त प्रतिवेदनको मुख्य मुख्य बुंदाहरु मात्र यहां जानकारी गराउन अनुमति चाहन्छु । देशको विसम परिस्थितीले अर्थतन्त्रमा आएको मन्दिको सामना आफ्नो कम्पनीले समेत गरिरहेको जानकारी गराउदै, नेपाल राष्ट्र बैंकको निर्देशनका आधारमा कम्पनीले नाफा आर्जन गर्दा गर्दै पनि यस वर्ष लाभांश तथा बोनश शेयर दिन नसकेकोमा दुःख व्यक्त गर्नु भयो, अर्को वर्षलाई आशावादी हुनु पर्ने बताउनु भयो ।

सभापतिज्यूले पूर्ववितरीत यस कम्पनीको संचालक समितिको प्रतिवेदनको मुख्य□मुख्य अंश पढेर सुनाउनु भयो ।

## (७) छलफलको लागि आव्हान र सक्रिय सहभागी हूनेहरु:

कम्पनीको दशौं वार्षिक साधारण सभाको छलफलको विषयहरु सम्बन्धमा आ□आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले उपस्थित शेयरधनीहरु समक्ष अनुरोध गर्नु भयो । देहायका शेयरधनीहरुले छलफलका क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै सम्बोधन तथा धन्यवाद व्यक्त गर्दै निम्न प्रश्न तथा सुझावहरु व्यक्त गर्नु भयो ।

१. श्री मेजर कुवेर श्रेष्ठ

२. श्री शिव प्रसाद शर्मा

३. श्री लवराज जोशी

४. श्री डमरु वल्लभ घिमिरे

## १) श्री मेजर कूवेर श्रेष्ठ

- अध्यक्षता गरिरहनु भएका श्री योगेन्द्र शाक्य ज्यू I heartily welcome chairman of this Company for coming new year. यो नव वर्षमा हामी सबै र एस फाइनान्स संस्थाको उत्तरोत्तर उन्नती र प्रगती होस् ।

- कम्पनी विकाश बैंक हुने भन्ने बजारी हल्ला चल्यो, हाल सम्म नभएपनि २०६३ सालमा नाफा कमाएर विकाश बैंकमा गई हामीलाई त्यसको प्रमाण पत्र दिईयोस् त्यसैमा हामी खुशिहुने छौं, सोका लागी हाम्रो अग्रिम आशा र शुभकामना ।

- म पहिला Beginning देखिनै यो कम्पनीको शेयर होल्डर प्लस Depositer भएकोले पनि यो कम्पनीको सवभन्दा राम्रो पक्ष कसैलाई Stering गर्ने र Window dressing गरेर हिसाव किताव देखाउने आदि जस्तो नराम्रो कार्य नगरेको हुदां अहिले भएका कम्पनीहरु मध्येमा ५ वटा मा एउटामा आउंछ । त्यस कारण राम्रो गरेकोलाई हामीले राम्रो गरेको भन्नुपर्दछ ।

- As a share holder, we are the eyes & ear of this company. कम्पनीका बारेमा भएका राम्रा
नराम्रा कुराहरुको जानकारी गराई तपाईहरुलाई warning सचेत गराउदै जाने कर्तव्य हाम्रो हो ।

- यस कम्पनीका कर्मचारीको मेहनतले शेयर होल्डरहरुलाई हरेक साल जस्तो एक साल विराएर भए पनि कहिले लाभांस कहिले वोनश शेयर दिएर गुनै गरिरहेको छ । Overall performance मा हेर्‍यो भने यो कम्पनी Excellent "A" Group मा आउँछ । तर हामीले राम्रो भन्दीयौ भनेर चाहि मनपर्दि नगर्नु होला ।

- कम्पनीको संचालन नाफा पहिला ३ करोड ५३ लाख भएकोमा यस पाली २ करोड चानचुन मात्र रहेछ ।

- अन्य बैक तथा वित्तीय संस्था भन्दा यस कम्पनीले, कम्पनी world wide कुन trend मा गइरहेको छ भन्ने कुरा दिएको छ, राम्रो पक्ष हो ।

- कम्पनीले आफ्नो कार्य संचालन गर्न विभिन्न निति निर्देशन, Credit Policy Guidelines, Operational Manual आदि बनाई कार्य गरेको रहेछ राम्रो हो ।

- कम्पनीका पदाधिकारीहरुको पारिश्रमीक बारेमा पनि दिनु भएको छ साऱ्है खुशीलाग्यो, This company is a corporate governance भएको Very transparent हामीले पाएका छौं, यसलाई तपाईहरुले सदा Maintain गर्दिनुहोला ।

- लेखापरिक्षक को नियुक्तिलाई दुई जनाको नाम सिफारीश गरिदिनु भएको भए हामीलाई छनौट गर्न सजिलो हुन्थ्यो । एक जनाको राख्दा शंका गर्न सक्ने ठाउं हुन्छ ।

- Performance of the summary of Ace Finance Company भनेर लेखीएको रहेछ यस्तोलाई नेपालीमा पनि दिएको भए, पढ्न सजिलो हुन्थ्यो ।

- सभास्थल नभेटेर अलिकति गाऱ्हो भयो ।

- कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

## २)श्री शिव प्रसाद शर्मा

- योगेन्द्र शाक्यज्यू लगायत अन्यहरु व्यवसायमा पोख्त हुनुभएकाले यस कम्पनीको कर्जा लगानीमा केही असर पर्दैन र सही ठाउंमा लगानी भएको हामीले मान्नु पर्छ, सोही बमोजिम कम्पनीका लगानीकर्ताले अवश्य प्रतिफल पाउंने छन् ।

- सार्वजनिकरुपमा पत्रिकामा सभाको सूचना जारी गर्दा शेयर दाखिल खारेज वन्द गर्ने मिति राखेको नमिलेको जस्तो लाग्यो ।

- पहिलेको अनुपातमा नाफा घटेको देखिन्छ । नाफालाई संचित कोषमा राख्नु भएको छ, यस वर्ष बोनस शेयर नदिएपनि विकाश बैंकमा जाने समयमा दिनु होला, ढिलो चांडो हामीहरुले त्यसको प्रतिफल पाउंनेनैछौं ।

- वार्षिक साधारण सभा समयमानै गर्नु पर्‍यो ।

- हामी शेयरधनिहरुलाई सबै पक्षले Negative रुपमा हेरेको देखिन्छ । आफुलाई मात्र नहेरेर सवैले के सोच्नु पर्‍यो भने शेयरधनीहरु पनि लगानीकर्ता हो र हामीले पनि वर्षको एक पटक
  साधारण सभामा जम्मा भई कम्पनीको वारेमा छलफल गरि योगदान दिन्छौं, यसलाई Meeting कै रुपमा लिनु पर्ने हुन्छ र सोमा सहभागी भएवापत हामीले पाउनु पर्ने सुविधामा Meeting भत्ता भनि कर काटेरै दिने गर्नु पर्‍यो, यसलाई कटौती गर्नु भएन ।

- कम्पनीको साधारण सभाको Minuting मा अन्यथा निर्णय भई सो लागू भएको नमानियोस भन्नका लागी सभामा उपस्थित एकजना शेयरधनीले पनि Minute मा हस्ताक्षर गर्ने परम्परा ठिक थियो, सोको व्यवस्था अनिवार्य हुनु पर्ने र यसलाई सकारात्मक रुपमा लिनु हुन मेरो धारणा रहेको छ ।

- व्याजको तालीका वासलातमा छापेको भए सबै शेयरधनीले हेर्ने र सोका लागी विज्ञापन पनि आवश्यक पर्दैनथ्यो ।

- कम्पनीको गतिविधि वारेमा संक्षिप्त व्यहोराहरु पनि दिएकाले कम्पनीको अवस्था वारे अध्ययन गर्न पायौं ।

- लगानीको अनुपात वढाउंनु भएकोले प्रतिफल पनि बढी आउंने हुन्छ, खुशी लाग्यो ।

- कम्पनी विकास बैंकमा जाने समयमा चाहिने पुंजिलाई अहिलेको लाभांशले धेरैलाई सहयोग गर्ने
  छ ।
- कर्जा अपलेखन भनिएकोमा उठ्न सक्ने नसक्ने अवस्था कस्तो रहेको छ ।

## ३) श्री लब राज जोशी

- हाम्रो सूझावलाई मुर्तरुप दिई Corporate भवन निर्माण गरि आफ्नै भवनमा साधारण सभा हुन गइरहेकोमा सार्है खुशी लाग्यो । यसका लागी संचालक ज्यू र व्यवस्थापनमा आभार प्रकट
  गर्दछु ।
- Balance sheet को अध्ययन गर्दा र कम्पनीको बारेमा बुझ्दा कम्पनीले शेयरधनीलाई सकारात्मक नतीजा दिन काम गरिरहेको छ र यसका हरेक कुराहरु Transparent छन् ।
- Percapital income वढाउंने गरि स्थानीय श्रोत र साधनको परिचालन उद्योग धन्दाहरुमा लगानी गर्नु पर्ने स्थिती छ ।
- हालको ऐनको व्यवस्था बमोजिम फाइनान्स कम्पनीले पनि बैंक सरह काम गर्न पाउने भएकाले
  राष्ट्र बैंकको Circular लाई कार्यान्वयन गर्दै Debit card issue गर्ने जस्ता आदि कामहरु पनि गर्दै अगाडि बढ्न पहल गर्नु राम्रो हुनेछ ।
- कम्पनीको भावि योजनाको चर्चा गर्दै कम्पनीको स्थिती राम्रो भएकाले यसै वर्ष बिकास बैंकमा जाने गरि Issue manager संग कुरा गर्दै Right share issue हुने आशा व्यक्त गर्दछु ।
- कम्पनीले वार्षिक बुझाउंनु पर्ने Tax हरु Clearance गर्दै गएको देखिन्छ, पछि झमेला हुने हुंदा Clearance गर्दै गएको ज्यादै राम्रो ।
- कम्पनीमा हाल आउंनु भएका प्रवन्धक संचालक सिद्धान्त राज पाण्डे Management expertis हुनु भएकाले आफनो Performance देखाएर आफ्नो कार्यकाललाई गौरवमय इतिहास बनाउनु भएकोमा धन्यवाद व्यक्त गर्दछु ।

## ४) श्री डम्बरु बल्लभ घिमिरे

- मैले गत २□३ वर्ष देखी दिएको सुझाब बमोजिम कम्पनीको वार्षिक प्रतिवेदनको छपाई र साधारण सभाको ठाउंमा भएको खर्च कटौती कार्यान्वयन भएकोमा म ज्यादै खुशीछु, अत्यन्त सर्‍हानिय र प्रशंशा गर्दछु ।
- कम्पनीलाई Upgrade गरेर “ख” वर्गमा लान प्रयासरत रहेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु ।
- कम्पनीलाई NRB को विभिन्न Condition ले गर्दा दिन नसकेको बोनस शेयर वा लाभांश २० प्रतिशत Reserve fund राखेको देखिन्छ, यो रकम हाम्रै भएकाले पछि Development Bank मा जांदा बोनस शेयर दिएपछि हामीलाई लगानीमा केही राहत हुने देखिन्छ ।

- संचालक समितिको बैठक भत्ता वृद्धिको Proposal मा अलि वढी भए जस्तो लाग्छ, छलफल गरौं ।
- प्रतिवेदन सरसर्ती हेर्दा खोट लगाउने ठाउं केही छैन, राम्रै प्रगती छ, त्यस प्रती आभार व्यक्त
  गर्दछु ।
- Bad loan र Non Banking Assets हरु घटाउंने तिर लाग्दै आगामि वर्ष अझ राम्रो प्रगतीको कामना गर्दछु ।
- कम्पनीले आफ्नो Building निर्माण कार्य सम्पन्न गरेर वित्तीय कारोवार यहिंबाट सूचारु रुपले संचालन गर्छनै होला, त्यसका लागी शूभेच्छा व्यक्त गर्दछु ।

## सभापतिज्यूवाट प्रतिउत्तर :

### सभापतिज्यूले शेयरधनी महानूभावहरु बाट व्यक्त खूशी, बिभिन्न सल्लाह सूझाबहरुका लागी स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नू भयो ।

- कम्पनीका कार्यकारि संचालक श्री सिद्धान्तराज पाण्डेज्यूले कम्पनीको व्यवस्थापनका साथै एस इन्भेष्टमेन्ट को व्यवस्थापन र कम्पनीलाई विकास बैंकमा Promote गर्न लागी पर्नु भएको छ । त्यसका लागी हामीले यस अघि पूंजी पनि वृद्धि गरिसकेका छौं, आशा
  गरौं छिट्टै होला । साथै हाम्रो यो भवन पनि चाडैनै निर्माण सम्पन्न भई २□३ महिनामा कार्यालय पनि सरिसक्छ होला ।
- वार्षिक साधारण सभा ढिलो गर्ने हाम्रो कतै मनसाय होइन । शेयरधनीहरुलाई यस वर्ष हुन आएको नाफाबाट वोनस शेयर दिन सकिन्छकी भन्ने आशमा कम्पनी गाभ्दा र नेपाल राष्ट्र बैंक संग पत्राचार गर्दा गर्दै ढिलो हुन गएको हो, त्यसका लागी क्षमाप्रार्थि छौं । अर्को वर्ष समयमानै गर्ने विश्वास दिलाउंन चाहन्छौं ।
- सम्बन्धित ऐनमा साधारण सभामा भत्ता र माइन्यूटमा शेयरधनीको हस्ताक्षरको व्यवस्था नरहेकाले र त्यसलाई प्रतिवन्ध गरेकाले पनि हामीले सोको व्यवस्था गर्न नसकेका हौं ।
- कर्जा लगानी, गैह्र बैकिंङ सम्पत्ति, कर्जा अपलेखन, आर्थिक प्रशासन, कार्यालय संचालन र कर्मचारी सम्बन्धमा हामीले विनियमहरु वनाएका छौं सोही बमोजिम कार्य गरिरहेका
  छौं ।

- कम्पनीको नाफा गत बर्ष भन्दा कम हुनुमा लगानीको प्रतिस्पर्धामा ब्याज दर कम भएर पनि भएको हो । तर हालको नयां ८ महिनाको प्रगति हेर्दा ज्यादै आश लाग्दोछ, नाफा अझ बढाउने कोशिसमा हामी र हाम्रो व्यवस्थापन लागी रहेका छौं ।

- यस वर्ष पनि हामी २० प्रतिशत लाभांश दिने प्रस्तावको पक्षमा थियौ तर नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम दिन सकेनौं सो कुरा यहांहरुमा विदितैछ, तसर्थ हाम्रो कम्पनीले प्रतिफलमा नराम्रो गरेको भन्न मिल्दैन ।

- लेखापरीक्षक छनौटमा हिसाव मिलान गरेको भन्ने जस्ता शंकाहरु नगर्न अनुरोध गर्दछौं, त्यस्तो कार्य हामी कहिल्यै गर्ने छैनौं । छनौंट गरिएका लेखापरिक्षक आफ्नो काममा निपुर्ण हुनुहुन्छ र वहां सुचिकृत लेखापरीक्षक हुनु भएकाले शंका गर्ने ठाउं छैन । साथै एउटा लेखापरिक्षक तिन वर्ष सम्म रहन सक्ने भएकाले पनि हामीले अन्यत्र नखोजि वहांलाई पुन: नियुक्त गर्न सिफारीश गरेका हौं ।

- सभाको सूचना जारी गर्दा शेयर दाखिल खारेजको सूचनाको टाइपिङ्गमा भूल भएको हो । हामीले यस वर्ष कुनै लाभांश तथा कम्पनीलाई असर पर्ने अन्य कुनै प्रस्तावहरु पनि नरहेकाले, त्यसले असर नगर्ला भन्ने हामीले सोचेका छौं । आइन्दा यस्तो गल्ती हुनेछैन ।

- गरिवीको समस्या हामी कम्पनीको समस्या भन्दा पनि देशकै समस्या हो, अहिलेको स्थितीमा विदेशी लगानी नहुने छदैछ स्वदेशी लगानी गर्न पनि गाऱ्हो भइरहेको छ । यस्तो अवस्थामा गरिबि निवारण गर्न निकै गाऱ्हो छ । तर पनि तपाईहरुले भने जस्तै देशमा शान्ति आएपछि यस सम्बन्धमा त्यस्ता क्षेत्रहरुमा लगानी गर्न हामी सदा तत्पर हुनेछौं ।

- शेयरधनीहरु कम्पनीका लागी मार्गदर्शक तथा खम्बा हुन भन्ने मान्यता हामीले लिएका छौं । सोही बमोजिम यहांहरुले दिएको सल्लाह सुझावलाई कार्यान्वयन गर्नु हाम्रो कर्तव्य ठान्छौं । यहांहरुको सुझाब बमोजिम खर्च घटाउंन सक्दो प्रयास गर्दैछौं । जुन यहांहरुले देखिरहनु भएकै छ ।

- हाम्रो कम्पनीको संचालक समितिको बैठक आवश्यकता अनुसार मात्र बस्दछ । कम्पनीको संचालक समितिको बैठक भत्ता विगत ५ वर्ष देखी नवढाईएको र अन्य

कम्पनीको

सरह पार्न पनि हामीले संचालक समितिको बैठक भत्ता वृद्धिको प्रस्ताव राखेका हौं । चाहिने भन्दा बढी बैठक गरेर बढी शुल्क लिनु हुँदैन भन्ने मान्यतामा हामी रहेका छौं ।

## (८)सभाको निर्णय:

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०६१/२०६२ को बार्षिक प्रतिवेदन छलफल र पारित गर्ने सम्वन्धमा छलफलपछि सोही प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आ.व. २०६१/२०६२ को नाफा—नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण र वासलात छलफल र पारित गर्ने सम्वन्धमा छलफलपछि सोही प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(३) आ.व. २०६२/२०६३ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षण समितिले कम्पनी अध्यादेश, २०६२ को दफा १६५ (घ) बमोजिम श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई पारिश्रमिक रु. ७०,०००/—(सत्तरी हजार मात्र) दिने गरी नियुक्ती गर्न सिफारिसलाई अनुमोदन गर्ने सम्वन्धमा छलफलपछि सोही प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(४) प्रवन्धपत्र र नियमावली संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने सम्वन्धमा छलफलपछि शेयरधनीलाई संशोधित प्रबन्ध पत्र र नियमावली पठाए बमोजिम तथा साधारण सभामा वितरण

गरेबमोजिमकै हुने गरि सर्वसम्मतिवाट पारित भयो ।

(५) संचालक समितिको बैठक भत्ता वृद्धि गर्ने सम्बन्धमा भएको प्रस्तावमा छलफल पछि यसै सभाबाट नियमावलीमा संशोधन गरेबमोजिम संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भएवापत अध्यक्ष लाई रु. ५,०००।०० र सदस्यलाई रु. ४,५००।०० दिने गरि सर्वसम्मतिबाट पारित भयो ।

(६) विविधमा कुनै प्रस्ताव नआएकोले छलफल भएन ।

## (९) धन्यवाद ज्ञापन :

छलफल तथा निर्णयको क्रम पश्चात् यस कम्पनीको दशौं वार्षिक साधारण सभामा आफ्नो अमूल्य समय दिनु भई सभालाई अत्यन्त सौहाद्रपुर्ण वातावरणमा सम्पन्न गरिदिनु भई सहयोग गरिदिनु भएकोमा सम्पुर्ण शेयरधनी महानुभावहरु तथा सम्बन्धित निकायका प्रतिनिधि र यस कम्पनीका कर्मचारीहरुमा सभापतिज्यूले हार्दिक धन्यवाद दिनु भयो ।

धन्यवाद ज्ञापन पछि सभापतिज्यूले दिउँसो १२:३० बजे कम्पनीको दशौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

......................................

**श्री योगेन्द्र शाक्य**

अध्यक्ष /सभापति

......................................

**भिष्म राज चालिसे**

कम्पनी सचिव